# सामाजिक अध्ययन विषयमा विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा
मूल्याङ्कन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय
वर्ष (Ed.CE. ५९८) को आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता
रेवतीप्रसाद पराजुली
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०६९

# कृतज्ञताज्ञापन

प्रस्तुत शोध "सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन" त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्ने सन्दर्भमा तयार गरिएको हो । यो शोध निर्देशनमा आफ्नो अमूल्य समय दिनुहुने सोध निर्देशक उप-प्राध्यापक श्री राजन शर्मा एवम् विभागीय प्रमुख उप-प्राध्यापक श्री टोलनाथ काफ्लेज्यू प्रति आभारी छु । शोधपत्र तयार गर्न उहाँहरुले दिनु भएको अमूल्य सुझाव र निर्देशन प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शोधपत्रका लागि सूचना सङ्कनमा सहयोग पुऱ्याउनु हुने जि.शि.अ. ज्यू लगायत जि.शि.का परिवार, विषय शिक्षक, प्र.अ., स्रोतव्यक्ति, अभिभावकज्यूहरुमा र छात्रछात्राहरुमा पनि धन्यवाद ज्ञापन गर्दछु ।

अध्ययनको भोक जगाई सदा अभिप्रेरित गर्नु हुने पुजनीय बुवा धर्मानन्द पराजुली र आमा पबित्रा पराजुली प्रति कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र तयार गर्न समय उपलब्ध गराई लेखन कार्यमा समेत सहयोग गर्ने श्रीमती उल्झन अधिकारी र छोरा दिक्षान्त प्रति आभार व्यक्त गर्दछु । यस शोधकार्यमा सहयोग पुऱ्याउनु हुने सहकर्मी मित्रहरु, शुभचिन्तकहरु र कम्प्यूटर टाइप र प्रिन्ट गरी सहयोग गर्ने मल्टिटेक भोजपुरलाई धन्यवाद दिन चाहन्छु ।

रेवतीप्रसाद पराजुली

मिति २०६९/९/१

# शोधसार

सामाजिक अध्ययन विषय  भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त, दर्शनशास्त्र, समाजशास्त्र लगायत विषयहरुको एकिकृत रुप हो । यसले व्यक्ति परिवार, छरछिमेक, समाज, जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तर्राष्ट्रय परिवेशको जानकारी दिदै सामाजिक मेलमिलाप, सहयोग, अन्तरनिर्भरता र भातृत्वमा जोड दिन्छ । हाल विश्व परिबेषमा नै सामाजिकिकरण, सहयोग र भातृत्वको सट्टा अविश्वास, हत्या र हिंसा वढिरहेको छ । मानिसलाई सामाजिकीकरणमा डोहोऱ्याउने विद्यालय  शिक्षाको प्राथमिक तहवाटै पढाइ सुरु हुने एक मात्र विषय सामाजिक अध्ययनले मानिसलाई सहज जीवनयापनमा सहयोग पुऱ्याउछ । तसर्थ निम्न माध्यमिक तहको कक्षा ८ को सामाजिक अध्ययन विषयको संस्थागत र सामुदायिक तथा छात्र र छात्राको सिकाइ उपलब्धि कस्तो छ र यसलाई प्रभाव पार्ने तत्वहरुको पहिचानमा केन्द्रित भएर यस अध्ययनको शीर्षक सामाजिक विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन  राखी शोधकार्य गरिएको छ । यस अध्ययनको उद्देश्यहरु संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्नु, छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्नु र समाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी समाधानका उपायहरु सुझाउनु रहेका छन् । अध्ययनलाई भोजपुर जिल्लको श्री विद्योदय उ.मा.वि. भोजपुर स्रोतकेन्द्रमा सीमित गरी शैक्षिक सत्र २०६६, २०६७ र २०६८ को नतिजामा केन्द्रित गरिएको छ । २ वटा संस्थागत र २ वटा सामुदायिक विद्यालय, ४ जना विषय शिक्षक, १२० जना विद्यार्थीहरु र ८ जना अभिभावकहरु सम्भावनायुक्त नमुना छनौट (चिठ्ठा) विधिका आधारमा तथा ४ जना प्र.अ. र १ जना स्रोतव्यक्तिलाई उद्देश्यपूर्ण विधिका आधारमा छनौट गरी अध्ययन गरिएको  छ ।

तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न विद्यार्थीले प्राप्त गरको उपलब्धिको तथ्याङ्कलाई तालिकीकरण, चित्र, ग्राफचार्ट, प्रतिशत तथा औसत आदिको माध्यमवाट परिमाणात्मक विश्लेषण गरिएको छ भने विद्यार्थी,  विषय शिक्षक, प्र.अ., स्रोतव्यक्ति, अभिभावकको प्रतिक्रिया विश्लेषण र कक्षा अवलोकनलाई क्रमवद्ध रुपमा गुणात्मक व्याख्या एवम् विश्लेषण गरिएको छ ।

अध्ययन अनुसार सामाजिक अध्ययन विषयको औसत उपलब्धि सामुदायिक विद्यालयको ४९.६८ प्रतिशत र संस्थागत विद्यालयको ८१.१८ प्रतिशत रहेको पाइयो । जस अनुसार संस्थागत विद्यालयको उपलब्धि सामुदायिक विद्यालयको भन्दा ३१.५ प्रतिशतले उच्च देखिन्छ । छात्रहरुको औसत उपलब्धि ६७.६७ प्रतिशत र छात्राहरुको औसत उपलब्धि ६३.२ प्रतिशत रहेको पाइयो । जस अनुसार छात्रको उपलब्धि छात्राको भन्दा ४.४७ प्रतिशत उच्च देखिन्छ । सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा शैक्षिक सामग्रीको अभाव उपयुक्त शिक्षण विधिको प्रयोग नहुनु, प्रयोगात्मक कार्यमा कमी हुनु, शिक्षक तालिमको अपर्याप्तता, विद्यार्थीहरुमा अनुशासन र लगनशीलताको कमी, शिक्षकहरुमा उत्साह जाँगर र उत्तरदायित्वमा कमी, अभिभावकहरुमा सक्रियताको अभाव, विद्यालयहरुमा उपयुक्त शैक्षिक वातावरणको अभाव लगायत रहेका छन् । उक्त समस्याहरु समाधान गर्न शैक्षिक सामग्रीको समयमा नै पर्याप्त व्यवस्था गरिनु पर्ने, सामाजिक अध्ययन विषयमा उपयुक्त शिक्षण विधिको प्रयोग, खास गरी गर र सिक भन्ने धारणामा जोड , शिक्षकहरुलाई सामाजिक अध्ययन विषय सम्वन्धि तालिमको व्यवस्था , विद्यार्थीहरुमा लगनशीलता र अनुशासन अभिवृद्धि गर्न विद्यालयले ध्यान दिनु पर्ने, शिक्षकहरुमा उत्साह जाँगर र उत्तरदायित्व वृद्धि गर्न दण्ड र पुरस्कारको व्यवस्था कडाइका साथ लागू गरिनु पर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावक आफै सक्रिय हुनुपर्ने, विद्यालयमा वन्द हड्ताल र राजनैतिक हस्तक्षेप सदाका लागि हटाइ विद्यालयलाइ शान्ति क्षेत्र मानि उपयुक्त शैक्षिक वातावरण कायम गरिनु पर्ने लगायतका कार्य गर्नुपर्दछ ।

विषयसूची


| प्रारम्भिक खण्ड | | पेज |
|---|---|---|
| | *वाह्य पृष्ठ* | *i* |
| | *सिफारिस पत्र* | *ii* |
| | *स्वीकृत पत्र* | *iii* |
| | *कृतज्ञता ज्ञापन* | *iv* |
| | *शोधसार* | *v* |
| | *विषयसूची* | *vii* |
| | *तालिकासूची* | *x* |
| | *सङ्क्षिप्त शब्दावलीहरू* | *xi* |
| | परिच्छेद : एक | |
| | परिचय | |
| १.१ | अध्ययनको पुष्ठभूमि | १ |
| १.१.१ | सामाजिक शिक्षाको अवधारणा | ३ |
| १.२ | समस्याको कथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनका उद्देश्यहरु | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ९ |
| १.६ | अध्ययनका परिसीमा | १० |
| १.७ | महत्त्वपूर्ण शब्दहरुको परिभाषा | १० |
| | परिच्छेद : दुई | |
| | सैद्धान्तिक खाका र  साहित्यको पुनरावलोकन | |
| २.१ | अध्ययनको सैद्धान्तिक खाका | ११ |
| २.२ | सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.३ | शैक्षिक उपादेयता | १८ |
| | परिच्छेद : तीन | |

अध्ययन बिधि

३.१ अनुसन्धान ढाँचा २०

३.२ जनसंख्या र नमूना छनौट विधि २१

३.२.१ जनसङ्ख्या २१

३.२.२ नमुना छनौटका आधार र विधि २१

३.३ तथ्याङ्कको स्रोत २३

३.४ तथ्याङ्क संकलनका साधनहरु २३

३.४.१ अन्तर्वार्ता २३

३.४.२ कक्षा अवलोकन फारम २३

३.४.३ अभिलेख अध्ययन २३

३.५. साधनको बैधता २३

३.६. तथ्यांक संकलन प्रक्रिया २४

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २४

परिच्छेद : चार

तथ्याङ्कको विश्लेषण तथा ब्याख्या

४.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना २५

४.१.१ औसत प्राप्ताङ्कको आधारमा संस्थागत र सामुदायिक विद्यालय बीच सामाजिक अध्ययन विषयको सिकाउपलब्धिको तुलना २५

४.१.२ श्रेणीगत प्राप्ताङ्कको आधारमा संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना २७

४.२ छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना २९

४.२.१ संस्थागत विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३०

४.२.२ सामुदायिक विद्यालयको छात्र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३२
४.२.३ संस्थागत र सामुदायिक विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३४
४.२.४ संस्थागत र सामुदायिक विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३७
४.२.५ विद्यालयका छात्र छात्राको सामाजिक अध्ययन विषयको तुलना ३९
४.३ सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु पत्ता लगाई निराकरण गर्नका लागि सरोकारवलाहरुको प्रतिक्रिया एवम् कक्षा अवलोकनको विश्लेषण ४२
४.३.१ विद्यार्थीहरुको प्रतिक्रिया विश्लेषण ४२
४.३.२ विषय शिक्षकको प्रतिक्रिया विश्लेषण ४७
४.३.३ प्रधानाध्यापकको प्रतिक्रिया विश्लेषण ५२
४.३.४ स्रोत व्यक्तिको प्रतिक्रिया विश्लेषण ५६
४.३.५ अभिभावकहरुको प्रतिक्रिया विश्लेषण ५७
४.३.६ कक्षा अवलोकन विश्लेषण ६०

परिच्छेद : पाँच

प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ६६
५.२ निष्कर्ष ६८

५.३ सुझावहरु ६९
सन्दर्भ सामग्री
अनुसूचीहरू

## तालिका सूची


शीर्षक पेज नं.

१. छनोट भएका विद्यालयहरू अन्तर्गतका नमुनाको आकार २२

२. श्रेणीगत प्राप्ताङ्कको आधारमा संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना २६

३ क) संस्थागत विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना २८

ख) सामुदायिक विद्यालयको छात्र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना २८

४.क) संस्थागत विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना ३०

ख) संस्थागत विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना ३०

५. क) सामुदायिक विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३२

ख) सामुदायिक विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३२

६. क) संस्थागत विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३४

ख) संस्थागत विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना ३४

७. विद्यालयका छात्र छात्राको सामाजिक अध्ययन विषयको तुलना ३७

८. छात्र र छात्राहरूको सामाजिक अध्ययन विषयको तुलना ३९

९. विद्यार्थीहरुको प्रतिक्रिया विश्लेषण ४३

१०. विषय शिक्षकको प्रतिक्रिया विश्लेषण ४७

११. प्रधानाध्यापकको प्रतिक्रिया विश्लेषण ५२

१२. अभिभावकहरूको प्रतिक्रिया विश्लेषण ५८

१३. श्री सिद्धकाली इ.बो.स्कूल भोजपुरको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण ६०

१४.श्री सगरमाथा इ.बो.स्कुल भोजपुरको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण ६२

१५. श्री पञ्चकन्या मा.वि. बोखिमको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण ६३
१६. श्री यशोधरा उ.मा.वि. टक्सारको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण ६४

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| इ.पू. | = इसा पूर्व |
| उ.मा.वि. | = उच्च माध्यमिक विद्यालय |
| जि.शि.अ. | = जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का | = जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | = निम्न माध्यमिक विद्यालय |
| प्र. अ. | = प्रधानाध्यापक |
| प्रा.वि. | = प्राथमिक विद्यालय |
| बि.स. | = बिक्रम सम्वत |
| मा.वि. | = माध्यमिक विद्यालय |
| रो.नं. | = रोल नम्वर |
| शै.स. | = शैक्षिक सत्र |
| CERID (सेरिड) | = Research center for educational innovation and development |
| S.L.C. (एस्. एल्.सी) | = School leaving certificate |